जि.प्र.का.झापा द.नं.६९१ ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

# पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com



## नेपाल र भारतबीच नयाँ राजनीतिक सहकार्य को आवश्यकता

सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

२

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

**आमा डेन्टल केयर प्रा. लि.**

दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बरः 023-577816

हाम्रा उपलब्ध डाक्टरहरु

१. डा. प्रनेस श्रेष्ठ (MDS- Orthodontist)
२. डा. सुस्मिता नेपाल (BDS- Dental Surgeon)
३. डा. मीरा आचार्य (BDS- Dental Surgeon)
४ डा. साहिद अलि (MDS- Maxillofacial Surgeon)

नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलव्ध छ ।

❑ वर्ष-२१ ❑ अंक - १०० ❑ २०८२ चैत्र २४ गते मंगलबार ❑ Tuesday, 07 April 2026 ❑ मूल्य ७ /-

## ओली र लेखकको बहस सकियो

**काठमाडौं/** पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकको बन्दी प्रत्यक्षीकरणको मुद्दामा बहस सकिएको छ । आइतबारबाट सुनुवाइ सुरू भएकोमा आज सरकार पक्षले बहस गरेको थियो । त्यसपछि रिट निवेदक पक्षबाट जवाफी बहस भएको छ । बहस सकिएकाले आजै आदेश आउने सम्भावना रहेको छ ।

## कोशीको चालु अधिवेशन अन्त्य

**विराटनगर/** कोशी प्रदेश सभाको चालु अधिवेशन अन्त्य भएको छ । प्रदेश प्रमुख परशुराम खापुङले कोशी प्रदेश सरकारको सिफारिसमा अधिवेशन अन्त्य गर्नु भएको हो। संविधानको धारा १८३ को उपधारा २ अनुसार सरकारको सिफारिसमा प्रदेश प्रमुखले संसद् अधिवेशन आह्वान र अन्त्य गर्ने व्यवस्था छ। सोहीअनुसार सोमबार राति १२ बजेदेखि कोशी प्रदेश सभाको चालु अधिवेशन अन्त्य भएको प्रदेश प्रमुख कार्यालयले प्रकाशन गरेको सूचनामा उल्लेख छ ।

## किर्नाको टोकाइबाट बालकको मृत्यु

**दमक/** किर्नाको टोकाइबाट इलामका एक बालकको मृत्यु भएको छ । माई नगरपालिका -१०,लुम्बाकको हिमालय माध्यमिक विद्यालयमा कक्षा ७ मा अध्ययनरत सन्तोष रम्तेलको किर्नाको टोकाइबाट मृत्यु भएको हो । बिरामी परेपछि उनलाई बिर्तामोडस्थित बिएण्डसी अस्पताल ल्याइएको थियो । उपचारकै क्रममा आइतबार निधन भएको हो । ती बालकलाई किर्नाले टोकेर चैत १४ गते ज्वरो आएपछि बीएण्डसी अस्पताल भर्ना गरिएको र हिजो उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

## फेवा तालको जग्गा एकिन गर्न छानविन समिति

दमक । सरकारले फेवातालको चार किल्लाभित्रको जग्गाको हालको स्थिति एकिन गर्न ५ सदस्यीय छानबिन समिति गठन गरेको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले भूमि व्यवस्था तथा अभिलेख विभागका महानिर्देशकको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरेको हो ।

बाँकी ४ पेजमा ▸▸

## हात्तीको आक्रमणबाट मृत्यु

**दमक/** जङ्गली हात्तीको आक्रमणबाट दमकमा एक जना भुटानी शरणार्थी पुरूषको मृत्यु भएको छ । मृत्यु हुनेमा दमक नगरपालिका-३ स्थित बेलडाँगी शिविर सेक्टर नं.२, हट नं. २०४ का ५४ बर्षिय तुल बहादुर बिष्ट रहेको इलाका प्रहरी कार्यालय दमकले जनाएको छ । प्रहरीका अनुसार घाँस काट्न भनी गत चैत १९ गते घरबाट निस्किएका उनी सोमबार बिहान मृत अवस्थामा फेला परेका थिए ।

बाख्राका लागि घाँस काट्न भनी घर नजिकैको सामुदायिक वनमा गएका उनी साँझसम्म घर नफर्किएपछि परिवार र छरछिमेकीले लगातार खोजतलास जारी राखेका थिए । खोजतलासकै क्रममा चार दिनपछि

बाँकी ४ पेजमा ▸▸

### प्रतिनिधिसभाको बैठक

# सभामुख चयनपछि संसदीय अभ्यासले गति लियो

**दमक/** प्रतिनिधी सभाले नयाँ नेतृत्व पाएसँगै संसदीय अभ्यासले गति लिएको छ । आईतबार संसदको सवै भन्दा ठुलो दल रास्वपाका डीपी अर्यालले सभामुखको कार्यभार सम्हालेका थिए । उनले कार्यभार सम्हाले लगत्तै सोमबार देखि संसदीय अभ्यास अघि बढाएका छन् । यसै क्रममा सोमबारको संसद बैठकमा विभिन्न दलका सांसदहरूले आआफ्नो धारणा राखेका छन् ।

संसद बैठक चलि रहँदा अधिकांश दलका शिर्ष नेताहरू भने अनुपस्थित रहे । यस प्रति संसदकै सवै भन्दा ठुलो सद रास्वपाकै सांसदले कटाक्ष गरेका छन् । रास्वपाका सांसद मनिष झाले अग्रभागमा व्यवस्था गरिएको शिर्ष नेताहरूको कुर्सी खालि देखे पछि संसदमा मन लागे आउने, नलागे नआउने परिपाटीको अन्त्य हुनु पर्ने बताए । उभनले भने, 'सदन चिया पसल वा चौतारी होइन । जहाँ मन लागे आउँछु, मन लागे बोल्छु । मन लागे बस्छु नमन लागे जान्छु भन्ने होइन ।' सदन गुरूकुल जस्तो, विश्वविद्यालय जस्तो हुनुपर्ने उनको आग्रह छ । संसदमा सिद्धान्तको बहस हुने र सबैको उत्तिकै मेहनत आवश्यक रहेकोमा उनले जोड दिए । २०१५ साल देखि नेपालमा संसदीय अभ्यास हुँदै आएको र प्रतिपक्षलाई बलियो बनाउन त्यसबेलाका नेतृत्वले समेत काम गरेको उनले स्मरण गरे । नवनिर्वाचित सभामुख डोलप्रसाद अर्यालले कुशल अविभावकको रूपमा काम गर्ने विश्वास रहेको पनि उनले बताए ।

**सार्वजनिक ऋण प्रति राप्रपाको प्रश्न**

राष्ट्रिय प्रजातन्त्र पार्टीकी सांसद खुश्बु ओलीले सरकारले एसियाली विकास बैंक र विश्व बैंकबाट ऋण लिनेबारे गरेको निर्णयप्रति प्रश्न गरेकी छन् । सोमबारको प्रतिनिधिसभाको बैठकलाई सम्बोधन गर्दै उनले यसबारे प्रश्न गरेकी हुन । मन्त्रिपरिषद् बैठकले एशियाली विकास बैंक र विश्व बैंकबाट डिजिटल नेपाल ट्रान्सफर्मेशन प्रोजेक्टका लागि ९० मिलियन अमेरिकी डलर र दिगो र समावेशी वित्त परियोजनाका लागि ९५ मिलियन अमेरिकी डलर बराबरको ठूलो सहुलियत ऋण स्वीकार गरेको प्रसंग उनले निकालेकी हुन् । उनले कुन संसदिय समिति, कुन नीतिगत बहस, र कुन आवश्यकता प्रथामिकीकरण मूल्यांकनका आधारमा यो आकारको निर्णय लिईयो ? भने प्रश्न गरिन् । उनले ऋण मागिएको होकि अनुरोधपछि लिने निर्णय गरिएको हो भन्नेबारे पनि प्रश्न उठाएकी छन् । सांसद वा संसदीय समितिमा छलफल नै नगरी यो आकारको ऋण लिने निर्णय सरकारले हतारमा गरेको उनले बताईन् ।

**एमालेले दियो चेतावनी**

नेकपा एमालेका सांसद ऐन महरले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीमाथि गरिएको प्रतिशोधपूर्ण व्यवहारले अहिलेका सरकार प्रमुखका लागि पनि भविष्यमा बदला लिने बाटो बनाएको टिप्पणी गरेका छन् । बैठकमा पहिलोपटक बोल्दै एमाले युवा नेता समेत रहेका महरले पूर्वप्रधानमन्त्री ओली, पूर्वगृहमन्त्री रमेश लेखकलाई प्रतिशोध नै साध्ने हो भने अहिलेका प्रधानमन्त्री र गृहमन्त्रीले आफ्नो लागि पनि 'डोको सुरक्षित राख्न' चेतावनी दिए ।

उनले अहिलेको सरकार पनि भविष्यमा पूर्व हुने र प्रतिशोधको पुनरावृत्ति हुनसक्ने बताए । एक छोराले आ`नो बाबु बुढो भएपछि डोकोमा लगेर फाल्न लाग्दा उसको छोराले हजुरबुबालाई फालेको डोको सुरक्षित राख्न भनेको कथा सुनाउँदै महरले यस्तो चेतावनी दिएका हुन् । महरले लोकतन्त्रलाई बलियो र सुदृढ बनाउने हो भने पूर्वाग्रह र

बाँकी ४ पेजमा ▸▸

## उद्धारका लागि विदेशबाट ८८ हजार बढीले नाम टिपाए

**दमक/** परराष्ट्र मन्त्री शिशिर खनालले मध्यपूर्वमा जारी द्वन्द्वले सिर्जना गरेको परिस्थितिबारे जानकारी दिंदै त्यसको प्रभाव नेपालमा पनि बहुआयामिक स्र्पमा देखिन थालेको बताएका छन् ।

संसद भवन परिसरमा सञ्चारकर्मीसँग कुरा गर्दै उनले परराष्ट्र मन्त्रालयले नियमित कामका साथै सरकारको १०० बुँदे कार्ययोजनालाई प्राथमिकतामा राखेर अघि बढिरहेको स्पष्ट पारे । साथै द्वन्द्व प्रभावित क्षेत्रमा रहेका नेपालीहरूको सुरक्षा, अवस्था र आवश्यक परे स्वदेश फिर्तीका लागि मन्त्रालयले सक्रिय स्र्पमा काम गरिरहेको जानकारी दिए ।

मन्त्री खनालका अनुसार हालसम्म ८८ हजारभन्दा बढी नेपालीले आ`नो विवरण मन्त्रालयमा टिपाएका छन्। २४ सै घण्टा सञ्चालनमा रहेको हटलाइनमा सुरूका दिनमा धेरै फोन आए पनि अहिले त्यो क्रम घटेको छ । अहिले आउने अधिकांश फोन युद्धजन्य असुरक्षाभन्दा पनि भिसा अवधि सकिनु, बिदा वा अन्य व्यक्तिगत समस्यासँग सम्बन्धित रहेको उनले बताए। त्यहाँ रहेका नेपालीहरूले आफूलाई अपेक्षाकृत सुरक्षित महसुस गरिरहेको प्रतिक्रिया आएको पनि उनले उल्लेख गरे ।

नेपालीहरूको सहज आवागमनका लागि नेपाल एयरलाइन्स ले दुबईमा नियमित उडान सुरू गरिसकेको छ भने साउदी अरेबियामा पनि उडान जारी छ। बहराइन र कुवेतजस्ता स्थानबाट सिधा उडान नभएकाहरूलाई साउदीसम्म ल्याएर नेपाल पठाउने व्यवस्था मिलाइएको छ। इन्धनको मूल्य वृद्धिका कारण हवाई भाडा महँगिए पनि नेपाल एयरलाइन्सले बजारभन्दा झन्डै एक तिहाइ कम दरमा सेवा दिइरहेको मन्त्रीले बताए।

## नेप्से परिसूचक ८३ अंकले बढ्यो

**दमक/** साताको दोस्रो कारोबार दिन सोमबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक उच्च अंकले बढेर बन्द भएको छ। पछिल्ला दिनमा सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानका क्रममा व्यवसायीहरू पक्राउ पर्न थालेपछि प्यानिक बनेको शेयर बजारमा अर्थमन्त्री स्वर्णिम वाग्लेको आश्वासनपछि सुधार देखिएको हो।

आइतबार १०० अंकभन्दा बढीले घटेको बजारलाई स्थिर बनाउन आज बिहान स्टक ब्रोकर एशोसिएसनका प्रतिनिधिहरूले अर्थमन्त्री वाग्लेलाई भेटेका थिए। भेटका क्रममा उनले सरकार निजी क्षेत्र तथा पूँजीबजारप्रति सकारात्मक रहेको स्पष्ट पार्दै इन्साइडर ट्रेडिङ, म्यानिपुलेसनजस्ता अनैतिक गतिविधिमा संलग्न नभए डराउनुपर्ने अवस्था नरहेको बताएका थिए। यही सन्देशले लगानीकर्तामा विश्वास बढाएको विश्लेषकहरूको भनाइ छ। सोमबार नेप्से परिसूचक ८३.३३ अंकले बढेर २७६०.०२ विन्दुमा पुगेको छ। सेन्सेटिभ इण्डेक्स १४.३० अंकले उकालो लागेको छ भने फ्लोट इण्डेक्स ६.०१ र सेन्सेटिभ फ्लोट इण्डेक्स ५.०३ अंकले वृद्धि भएको छ।

## अनलाईन ठगीको जालो चिर्दै प्रहरी

**बिर्तामोड/** अनलाइन स्क्यामको जालो फैलिँदै गइरहेका बेला झापाको बिर्तामोड प्रहरीले सक्रियता देखाउँदै ठगीको रकम फिर्ता गराउन उल्लेखनीय सफलता हासिल गरेको छ। इलाका प्रहरी कार्यालय बिर्तामोडको पहलमा एक सेवाग्राहीबाट ठगिएको रकममध्ये २ लाख ५ हजार रूपैयाँ फिर्ता गरिएको हो । बिर्तामोड नगरपालिका वडा नम्बर ५ का दामोदर गौतम सामाजिक सञ्जाल 'टिकटक'मा देखिएको आकर्षक विज्ञापनको प्रलोभनमा परे। 'श्री राम लक्ष्मण फर्निचर' नामक युजर आइडीबाट ३ हजार रूपैयाँ मूल्यको मन्दिर अर्डर गरेपछि उनी ठगीको सञ्जालमा फसे। सुरूमा सामान्य किनमेलजस्तो देखिएको प्रक्रिया केही घण्टामै लाखौं रूपैयाँको नोक्सानीमा परिणत भयो ।

बाँकी ४ पेजमा ▸▸

## यात्रुलाई हैरानी दिने दलाल पक्राउ

**काँकडभिट्टा/** इलाका प्रहरी कार्यालय काँकडभिट्टाले यात्रुहरूलाई तानातान गरी हैरानी दिने २४ जनालाई नियन्त्रणमा लिएको छ । मेचीनगर नगरापालिका वडा नम्बर-६ को मेची भन्सार कार्यालय, बसपार्क तथा बजार क्षेत्र आसपासबाट उनीहरूलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको हो । प्रहरीका अनुसार भारतका विभिन्न स्थानबाट नेपाल प्रवेश गर्ने यात्रुहरूलाई होटल, अस्पताल तथा धार्मिक स्थलमा पुऱ्याइदिन्छौं भन्दै जबरजस्ती तानातान गर्ने, अनावश्यक

बाँकी ४ पेजमा ▸▸

# कोशीमा ३ करीडोर, २० गन्तव्य

**दमक/** कोशी प्रदेशमा पर्यटन प्रवर्द्धनको दिगो आधार तयार पार्न ३ पर्यटकीय करीडोर र नयाँ २० गन्तव्य छनौटको प्रकृया शुरु भएको छ।

प्रदेश सरकारले पर्यटन क्षेत्रको दीगो विकासका लागि यो नयाँ रणनीतिक योजना अगाडि सारेको हो। विगतमा साना र छरपस्ट योजनाहरूमा बजेट विनियोजन गर्दा अपेक्षित प्रतिफल ननिस्किएपछि सरकारले अब एकीकृत लगानीको नीति लिने जनाएको छ। प्रदेशको विकासका दुई मुख्य खम्बा कृषि र पर्यटनलाई मानेको सरकारले अबको लगानीलाई परिणाममुखी बनाउन पर्यटन गुरुयोजना भित्रै यी कार्यक्रमहरूलाई समेट्न लागेको जनाएको छ।

कोशी प्रदेश योजना आयोगका उपाध्यक्ष तारानाथ निरौलाका अनुसार अबको योजना हचुवाका भरमा नभई ठोस प्रमाण र आवश्यकताका आधारमा तय गरिनेछ। विगतमा साना-साना योजनामा बजेट छर्ने प्रवृत्तिले पर्यटकीय पूर्वाधारको विकास हुन नसकेको भन्दै अब २० वटा प्रमुख गन्तव्य र तीनवटा कोरिडोरमा बजेट केन्द्रित गर्ने उनले जनाए।

सरकारले पर्यटन विकासलाई प्रभावकारी बनाउन कोशी प्रदेशलाई तीनवटा कोरिडोरमा विभाजन गर्ने तयारी गरी अध्ययन थालेको हो। पश्चिमतर्फ सगरमाथा करिडोर अर्थात् मधेशसँग जोडिएर सरमाथाको द्वारसम्मको पहिलो कोरिडोर, कोशी कोरिडोर (इटहरी, धरान र कोशी नदी आसपासको क्षेत्र) र तेस्रो, मेची कोरिडोर (ताप्लेजुङ, इलाम लगायत पूर्वी सीमा क्षेत्र) रहनेछन्। यी कोरिडोरहरूमा प्रदेशका १४ वटै जिल्ला समेटिने गरी २० वटा उत्कृष्ट पर्यटकीय स्थलहरूको पहिचान गरिनेछ।

ती गन्तव्यहरूमा पर्यटकलाई कम्तीमा ५ देखि ७ दिनसम्म टिकाउने गरी भौतिक पूर्वाधार र सेवा सुविधाहरूको विकास गर्न सकिने सरकारको विश्वास छ। कोशी प्रदेश सरकारले अघिल्लो वर्ष 'कोशी पर्यटन वर्ष' घोषणा गर्दै विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरू अघि सारेको थियो।

# एमालेबाट ओलीलाई हटाउने तयारी

**दमक/** नेकपा एमालेभित्र अध्यक्ष केपी शर्मा ओली लाई नेतृत्वबाट बिदा गर्नुपर्ने आवाज तीव्र बन्दै गएको छ। मङ्सिरमा सम्पन्न महाधिवेशनबाट अत्यधिक बहुमतका साथ पुनः अध्यक्ष निर्वाचित भएका ओलीविरूद्ध अहिले संस्थापन इतर समूह तथा युवा नेताहरु खुलेर प्रस्तुत हुन थालेका छन्। उनीहरूले पार्टीलाई नयाँ दिशा दिन नेतृत्व हस्तान्तरण आवश्यक रहेको निष्कर्ष निकालेका छन् । युवा नेताहरूले ओलीको सम्मानजनक बिदाइ चाहेको बताउँदै विशेष महाधिवेशनमार्फत नेतृत्व परिवर्तनको विकल्प अघि सारेका छन्। केही नेताहरूले त यसका लागि हस्ताक्षर अभियानसमेत सुरू गरिसकेका छन्। ओली स्वयं सहमत भए राष्ट्रिय भेलामार्फत सहमति खोज्ने, अन्यथा विधानअनुसार दुई तिहाइ जिल्ला कमिटी वा प्रतिनिधिको



बाँकी ४ पेजमा ▸▸

## श्री पृथ्वी माध्यमिक विद्यालय

दमक ७, झापाको

**विज्ञापन नं.०१।०८२।८३**

### दोश्रो पटक शिलबन्दी बोलपत्र आव्हान गरिएको बारे सूचना

यस विद्यालयलाई तपशिल बमोजिमको सामाग्रीहरु बढिमा रु १०,००,०००।०० (अक्षरेपी रु दश लाख रुपैया) बराबरको खरिद गर्नु पर्ने भएकोले विद्यालय व्यवस्थापन समितिका मिति २०८२।०९।०३ गतेको निर्णय बमोजिम देहायको शर्तहरुको अधिनमा रहि सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन ईच्छुक सम्बन्धित व्यापारीक फर्म, व्यवसायकर्ता तथा आपुर्तिकर्ताहरुलाई सुचित गरिएकामा तोकीएको समयभित्र आवश्यक संख्यामा रीत पुगेको शिलबन्दी बोलपत्रहरु प्राप्त नभएकोले मिति २०८२।१२।२२ को वि. व्य. स. को निर्णय अनुसार पुन ७ दिनको म्याद राखी बोलपत्र आव्हान गरीएको छ ।

**तपशिल**

१. आवश्यक सामाग्री-Ineractive Panel Board जम्मा ६ थान र आवश्यक अन्य सामाग्रीहरु ।
२. आवश्यक वोलपत्र फारम, दस्तुर रु १,०००।०० बुझाई विद्यालयबाट प्राप्त गर्न सकिनेछ ।
३. आवश्यक सामाग्रीको सम्पूर्ण specification विद्यालयले उपलब्ध गराउने छ ।
४. शिलबन्दी बुझाउने फर्म तथा व्यवसायीहरुले आ-आफ्नो व्यवसाय फर्मको दर्ता , नविकरण तथा गत आर्थिक वर्ष सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि बुझाउनु पर्ने छ ।
५. रीत पुरा नगरी आएको शिलबन्दी वोलपत्र दर्ता हुने छैन ।
६. Specification भन्दा फरक वा कम गुणस्तरीय सामान उल्लेख गरी पेश गरिएको शिलबन्दी वोलपत्र स्वीकृति हुने छैन ।
७. विद्यालय व्यवस्थापन समितिले आवश्यक विज्ञको रोहवरमा बोलपत्र जाँच गरी स्वीकृत गर्नेछ ।
८. वोलपत्र पेश गर्ने फर्म र व्यवशायीहरुले रु २५,०००।०० (अक्षरेपी रु पच्चिस हजार मात्र) Bid Security वापत विद्यालयको रा. बा. बैंक को पृथ्वी मा. वि. को नामको खाता नम्बर २१४०१०००००१९१००१ मा जम्मा गरिएको सक्कल भौचर संलग्न राखी शिलबन्दी पेश गर्नु पर्नेछ ।
९. तोकिएको गुणस्तर अनुसारको सामाग्री आपूर्ती नभएमा मान्य हुने छैन ।
१०. आपुर्तिकर्ता छनौट पछि आपुर्तिकर्तालाई खरिद तथा जडान अनुमति प्राप्त मितिले १५ दिन भित्र आपुर्ति र जडान दुबै कार्य सम्पन्न गरिसक्नु पर्ने छ ।
११. आवश्यक सामाग्री जडान पश्चात प्राविधिक परीक्षण र कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पछि मात्र भुक्तानी दिईनेछ ।
१२. आपुर्ति कर्ताले भुक्तानी लिनु अगावै अनिवार्य रुपमा VAT बील पेश गर्नु पर्ने छ ।
१३. अन्य कुनै शर्त राखी पेश गरिएको वोलपत्र मान्य हुने छैन ।
१४. विस्तृत जानकारीका लागी: **श्री पृथ्वी माध्यमिक विद्यालय,** दमक-७ (झापा)
फोन नं. ९८५२६८०७५७, ई-मेल: prithvisecondarydmk7@gmail.com

**विष्णु बहादुर राई**
*प्रधानाध्यापक*

## सम्पादकीय

# समाधानको पर्खाइमा किसान

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले रोकिएको पाँच महिनापछि किसान सूचीकरण कार्य शुरु गरेको छ । किसानलाई परिचय-पत्रसहित विभिन्न सेवा सुविधा तथा अनुदान उपलब्ध गराउने उद्देश्यले शुरु गरिएको अनलाइन प्रणालीमा प्रविधिक समस्या आएपछि गएको कात्तिक २५ गतेदेखि सूचीकरण रोकिएको थियो । तर किसान सुचीकरणबाट किसानले के फाईदा पाउँचन् ? किसानको प्रश्न र प्रतिक्षाको विषय हो ।

किसानका समस्या धेरै छन् । तर नीतिनिर्माताले नबुझेका पनि होईनन् तर वर्षौ देखि किसान यस्ता समस्या भोग्न बाध्य छन् । उखु तथा दुध किसानले महिनौ सम्म लाखौं भुक्तानी पाउन सक्दैनन् । मुख्य बालि रोप्ने बेलामा मल र बिउ पाईदैन । उत्पादन गरे पछि मुल्य पाईदैन । खेतीका समयमा सहजै श्रमिक पाईदैन । औद्योगीकरण र यान्त्रीकरणका नाममा वितरण गरिने राहत र अनुदान पाउने वास्तविक किसान न्युन छन् ।

एकातर्फ नेपाली उत्पादन गिर्दो छ भने अन्न लगायतका कृषि उपजको आयात उच्च छ । नेपालको कृषि क्षेत्रसँग जोडिएको एउटा पुरानो र गलत मान्यता अझै समाजमा जीवित छ, अरू केही गर्न नसक्नेले मात्र खेती किसानी गर्छन् भन्ने । यदि यो सोचको अन्त्य गर्न सकियो भने, कृषि क्षेत्र नै नेपालको आर्थिक समृद्धिको मुख्य आधार बन्न सक्छ । वास्तवमा, कृषि कुनै बाध्यता होइन, बरू ज्ञान, सीप र प्रविधिमा आधारित सम्मानित पेशा हो ।

नेपालको ठूलो जनसंख्या अझै कृषि पेशामा आश्रित छ । तर, उत्पादनमा अपेक्षित वृद्धि हुन नसक्नुका प्रमुख कारणहरुमा उन्नत बिउको अभाव, गुणस्तरीय मलको कमी, सिँचाइ सुविधा अपर्याप्त हुनु, तथा आधुनिक प्रविधिको न्यून प्रयोग रहेका छन् । यदि किसानले समयमै उन्नत बिउ र मल प्राप्त गर्न सके, वर्षभरि सिँचाइ सुविधा सुनिश्चित भयो भने उत्पादनमा उल्लेख्य वृद्धि सम्भव छ । त्यसैगरी, कृषि यान्त्रीकरण आजको आवश्यकता हो । परम्परागत खेती प्रणालीले श्रम बढी र उत्पादन कम दिने भएकाले आधुनिक मेसिनरीको प्रयोगले समय, लागत र श्रम तीनै पक्षमा लाभ दिन सक्छ । चक्लाबन्दी अर्थात् साना-साना टुक्रा जमिनलाई एकीकृत गरी सामूहिक खेती गर्ने प्रणालीले पनि उत्पादन क्षमता बढाउन मद्दत पुऱ्याउँछ । किसानका लागि सबैभन्दा महत्वपूर्ण विषय भनेको उत्पादनको उचित मूल्य हो । बजारमा बिचौलियाको प्रभावका कारण किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउन सकेका छैनन् । यदि सरकारले न्यूनतम समर्थन मूल्य निर्धारण गरी प्रभावकारी कार्यान्वयन गर्न सके, किसानको मनोबल अझै बढ्नेछ ।

हालै गठन भएको शक्तिशाली सरकारले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर नीतिगत सुधार, लगानी वृद्धि र किसानमैत्री कार्यक्रम लागू गर्ने अपेक्षा गरिएको छ । किसानहरु पनि आफ्ना दीर्घकालीन समस्याहरु समाधान हुनेमा आशावादी छन् । यसरी, सही नीति, प्रविधि र सम्मानजनक दृष्टिकोणको विकास भएमा कृषि क्षेत्रले नै नेपालको समृद्धि र दिगो विकासको मार्ग प्रशस्त गर्न सक्छ ।

## मतदाता नामावली संकलन शुरु

**दमक**/ प्रतिनिधिसभा निर्वाचनका लागि स्थगित मतदाता नामावली संकलन आइतबारदेखि शुरु गरिएको छ । निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि भन्दै गत मंसिर ६ गतेदेखि नामावली संकलन स्थगन गरेको थियो । यहि चैत १८ गते बसेको आयोगको बैठकले आइतबारदेखि मतदाता नामावली संकलन शुरु गर्ने निर्णय गरेको हो । स्थगित उक्त कार्यक्रम आजदेखि पुनः सञ्चालन गर्न लागिएको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । आयोगले राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरेका नेपाली नागरिकले आफ्नो राष्ट्रिय परिचयपत्रको विवरणमार्फत मतदाता नामावलीमा अनलाइन प्रणालीबाटै नाम दर्ता गर्न सक्ने व्यवस्था मिलाएको जनाएको छ । राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध नभएकाहरूको हकमा आयोगको 'प्रि इनरोलमेन्ट' प्रणालीमार्फत अनलाइन फारम भर्नुपर्ने छ । आफ्नो फोटो तथा औठाछापसहितको जैविक विवरण दर्ता गर्न प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमा आवेदक स्वयं भौतिक रूपमा उपस्थित हुनुपर्नेछ । मतदाता नामावलीमा रहेको त्रुटि सच्याउने, दोहोरो नाम हटाउने, मृत्यु तथा बसाइँसराइको विवरण अद्यावधिक गर्नेलगायतका कार्यका लागि समेत अनलाइन माध्यमबाट आवेदन गर्न सकिने व्यवस्था मिलाइएको प्रवक्ता भट्टराईले जनाएका छन् ।

## प्रमुख बिहिन भन्सार, राजश्वमा गिरावट

**भद्रपुर**/ भद्रपुर भन्सार कार्यालय लामो समयदेखि प्रमुखविहीन बनेको छ । गत मंसिर २९ गतेदेखि प्रमुख भन्सार अधिकृतविहीन बनेको भद्रपुर भन्सार कार्यालयमा राजस्व असुलीबाहेक अन्य दैनिकी कामकाज प्रभावित बनेको छ । प्रमुख भन्सार अधिकृत अर्जुन सिटौलाको गत मंसिर २८ गते अनिवार्य अवकाश भएको थियो। भन्सार अधिकृत सिटौला अवकाश पाएको तीन महिना १९ दिन बितिसक्दा पनि भन्सार विभागले अझै पनि प्रमुख भन्सार अधिकृत पठाएको छैन । भन्सार विभागले तत्काल काम चलाउनका लागि निमित्त प्रमुख भन्सार अधिकृतको रूपमा सुब्बा प्रमोद गौतमलाई जिम्मेवारी दिएको छ । सुब्बा गौतम मेची भन्सार कार्यालय काँकडभिट्टाबाट मंसिर १४ गते विभागको निर्णयबमोजिम सरुवा भएर भद्रपुर आएका हुन् ।

भदौ २४ गतेको जेन–जी आन्दोलनको क्रममा आगजनी गरी ध्वस्त बनाइएको यस भन्सारमा प्रमुख भन्सार अधिकृतको लागि पटकपटक विभागसँग माग गरिसकेको निमित्त भन्सार प्रमुख गौतमले बताए । अबको १५ दिनभित्र पठाउने जानकारी प्राप्त भएको उनको भनाई छ ।

उनका अनुसार चालु आर्थिक वर्षको भन्सार लक्ष्य २५ करोड ३ लाख २५ हजार तोकिएको छ। साउनदेखि चैत १७ गतेसम्म ११ करोड ४० लाख ८२ हजार ३ सय ४ रुपैयाँमात्र राजस्व संकलन भएको छ । ९ महिना बित्न लाग्दा आधा पनि लक्ष्य नपुगेको उनको भनाइ छ। गत आर्थिक वर्ष ०८१/०८२ मा पनि लक्ष्य पुगेको थिएन। ३३ करोड १३ लाख रुपैयाँ लक्ष्य राखेकोमा २० करोड ८६ लाख रुपैयाँ उठेको थियो। यो पटक अघिल्लो वर्षको तुलनामा लक्ष्य ८ करोड रुपैयाँले घटी छ । यो पटक २० करोड उठाउन पनि समस्या देखिरहेको उनले बताए ।

# नेपाल र भारतबीच नयाँ राजनीतिक सहकार्य को आवश्यकता



✍ सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

नेपालका सबैभन्दा असल र छिमेकी मित्रराष्ट्र भारत सँग नयाँ राजनैतिक उचाइको टर्निङ पोइन्टको खोजी गरी नेपाल भारतबीच रहेको परराष्ट्र सम्बन्धलाई अझ प्रगाढ र सहज बनाउनु आवश्यक छ। नेपाल र भारतबीच सदियौंदेखि कायम रहेको सांस्कृतिक सम्बन्ध तथा बेटीरोटीको सम्बन्धले नेपाल र भारतलाई विश्वका अन्य मुलुकहरूभन्दा अझ नजिकको विश्वसनीय र घनिष्ठ बनाइदिएको छ। नेपाल भारत बीचको आत्मीय सम्बन्ध जस्तो सम्बन्ध विश्वमा कहिँ पनि छैन। परापूर्व कालदेखि नै नेपाल र भारतका जनताहरूले साझा सांस्कृतिक मूल्य मान्यता र विरासतको परम्परालाई अनुगमन गर्दै एकअर्कामाथि परस्पर निर्भर रहँदै , एकअर्कासँग हरेक कुरोमा हातेमाले गर्दै होस्टेमा हैसे गर्दै एक अर्कालाई हौस्याई रहेको थुप्रै उदाहरणहरू भेटाउन सकिन्छ। नेपाल र भारतबीच भौगोलिक क्षेत्र को आधारमा, जनसांख्यिक अनुपातको आधारमा, भौतिक विकासको आधारमा , सैन्य शक्तिको आधारमा, कुनै तुलना गर्न नसके पनि दुवै देशका जनताहरूबीच सहज रूपले एकअर्काको सुखदुख बाँड्ने र एकअर्कालाई उच्च सम्मान गर्ने कुराहरूमा बराबर देखिएका छन्। नेपाल भारतबीच भएको सन् १९५० को सन्धि नेपाल र भारत बीच समानताको सिद्धान्त को आधारमा गरिएको सन्धि हो र यसले निरन्तर रूपमा नेपाल भारतबीचको सम्बन्धलाई निरन्तरता दिइरहेको अवस्था विद्यामान छ ।

भगवान पशुपतिनाथ र माता पार्वतीले स्वछन्द रुपमा विचरण गर्ने हिमालय वरिपरिका क्षेत्रहरू लगायत कैलाश पर्वत जस्ता आध्यात्मिक तीर्थस्थलहरू दुवै देशका सनातन हिन्दु धर्मावलम्बीहरूका लागि अत्यन्त नै पवित्र धार्मिक क्षेत्रको रुपमा रहने गरेकोले यस क्षेत्रबाट प्रवाहित हुने आध्यात्मिक ऊर्जालाई दुवै देशका जनताले अनुभूति गरी आफ्नो जीवन लाई धन्य बनाइरहेका हुन्छन्। नेपालबाट भारततिर बगेर जाने करिब छ हजारभन्दा बढी नदी हरू भारतमा गंगा नदीसँग मिलेर भारतीय समुद्रमा प्रवेश गर्दछन् र संसारका समस्त प्राणीहरूको दुःख कष्ट र पापलाई हरण गर्ने अवसर प्रदान गर्दछन्। भारतका तिर्थालुहरू भगवान पशुपतिनाथको दर्शन गर्नको लागि आउँदछन् भने नेपालबाट भारततिर जाने नेपालीहरु भारतको चारधामको यात्रा गर्दछन् र आफ्नो जीवनलाई सफल भएको अनुभूति गर्दछन् । यसै मानव देहबाट सनातन हिन्दू धर्मावलम्बीहरू काशी, गया मथुरा, वृन्दावन ,मुक्तिनाथ, पशुपतिनाथ, केदारनाथ, लुम्बिनी क्षेत्रहरूको तीर्थयात्रा गर्दै मोक्ष प्राप्तिको लागि आफूलाई यसै पवित्र भूमिहरूमा समर्पित गरेको अनुभूति प्राप्त गरी घर फर्किने गर्दछन्। यस्तो किसिम बाट नेपाल र भारतका जनताले पाउनुपर्ने अलौकिक आध्यात्मिक सुख र मौद्रिक मूल्यको कुनै हिसाब किताब गर्नु सम्भव छैन। नेपाल र भारतबीचको सम्बन्ध कुनै भौतिक र वस्तुगत सम्बन्धभन्दा विशाल र अमापनिय छ जसलाई कुनै पनि किसिमको राजनीतिक अहम भावनाले परितुष्टि गर्न सक्दैन। शून्यवादी र भौतिकतावादी तथा पन्थनिरपेक्षवादी राजनीतिक तुष्टीकरणवादी विचारधाराले जस्तोसुकै तर्क र दृष्टान्त दिए पनि नेपाल र भारत ,नेमुनि , मञ्जुश्री, राजा विक्रमादित्यको पालादेखि नै एकअर्कासँग परस्पर सम्बन्धित र आत्मीय सम्बन्ध गाँसेको मुलुकको रुपमा रहेको छ जसलाई आधुनिक राजनीतिक दर्शनले छुट्याउन सक्दैन। सम्भवत भारतवर्षको उत्पत्ति र उत्कर्ष सँगै अस्तित्वमा आएको हिमालय पर्वत श्रृङ्खलालाई अझ महान र विश्वको अगाडि सर्वोच्च बनाउन विश्वका सर्वोच्च हिमशिखर सगरमाथा हिमालले नेपाल र भारतको प्रकट र अप्रकट इतिहासलाई सँगसँगै लिपिबद्ध गरेको प्रमाण र साक्षी खोज्न हामीले अन्यत्र काहीँ जानु पर्दैन । वेद, उपनिषद् ,पुराण, श्रुति, रामायण, गीता, महाभारत जस्ता ग्रन्थहरू र गुरु परम्परा तथा ब्राह्मण परम्परा तथा बौद्ध परम्पराहरू नेपाल र भारत दुवैको साझा सम्पत्ति र विरासतको रुपमा रहेको मान्न सकिन्छ। नाथ पन्तका संस्थापक भगवान आदिदेवका शिष्य ,गुरु गोरखनाथका पनि गुरु मत्स्येन्द्र नाथले नेपालकै धर्तीबाट शिव मार्गी अघोर पन्थको स्थापना गर्नुभएको थियो ,जो आज पनि हिन्दु सनातन संस्कृतिको एउटा अभिन्न अङ्ग को रूपमा विश्वभरिका सनातन हिन्दू धर्मावलम्बीहरूको श्रद्धा विश्वास र आस्थाको केन्द्रबिन्दु बनेको छ ।

नेपालमा गोर्खा राज्य को उत्पत्ति अघोर पन्थका गुरु गोरखनाथकै नामबाट भएको हुनाले पनि गुरु गोरखनाथका गुरु मत्स्येन्द्र नाथ भारतको आसामको कामरूप कामाक्षाबाट नेपालमा आई तन्त्र साधनाको विकास र स्थापना गरेको कुराहरुले पनि दुई देश बीच रहेको विशिष्ट र असाधारण सम्बन्धलाई स्पष्ट गर्दछ। नेपाल र भारतबीचको सम्बन्धलाई नेपाल र भारतबीच रहेको सिमाना रेखाबाट मात्रै पनि आकलन गर्न कठिन छ। देशको राजनीतिक भूगोल देशका सत्ताधारी वर्गहरूको क्षमता र पुरुषार्थको उपज मात्र रहेकोले यसलाई समय समयमा परिमार्जन गर्ने गरिएको थुप्रै उदाहरणहरू नेपालको इतिहासमा रहेको छ, र भविष्यमा पनि यसलाई कैयौंपटक परिमार्जन गर्न सक्ने सम्भावना पनि रहेको छ । समयको विभिन्न कालखण्डमा नेपालका विभिन्न भूभागहरु फरक फरक तरिकाले, फरक फरक समयमा, फरकफरक शासकहरूबाट नेपालका सिमानाभित्र गाभिएका छन् र त्यसमाथि नेपालको स्वामित्व स्थापित भएर नेपाली जनताले भोग चलन गर्दै जाने परम्परा र व्यवहार स्थापित भइसकेको छ। अहिले नेपालमा देखिने गरिएको सीमा रेखा सम्बन्धी विवादहरूलाई विवेकशील भएर दुईपक्षीय रूपमा नै समाधान गर्नु पर्ने आवश्यक देखिएकोले यस सम्बन्धमा भारत र नेपालबीच पारदर्शिता र स्पष्टवादिता र तत्परता देखिनु जरुरी छ। नेपालको कालापानी र लिम्पियाधुरा सम्बन्धी इतिहास र प्रमाणहरूलाई खोतल्नु जरुरी छ र त्यसको सत्य तथ्यको बारेमा जनजागरण ल्याउनु पनि आवश्यक छ। नेपालमा राजा महेन्द्रको पालादेखि नै एउटा छुट्टै किसिमको विदेश नीतिलाई लागू गर्ने कुरालाई स्वीकार गरिएको छ। जसलाई राजा महेन्द्रपछि राजा वीरेन्द्र र गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी, शेरबहादुर देउबा, पुष्पकमल दाहाल प्रचण्ड लगायतले अनुमोदन गर्दै अगाडि बढिरहेको पाइन्छ।

नेपालको इतिहासको लामो कालखण्डमा पनि विदेश नीतिको पुनः समीक्षा हुन सकेको छैन। नेपाल र भारत तथा नेपाल र चीन बीच रहेको समदुरीको विदेश नीतिले नै नेपाललाई थाम्छ वा थाम्न सक्दैन भन्ने कुरामा पनि राजनीतिक चिन्तक र कूटनीतिज्ञहरूले विचार पुऱ्याउनु आवश्यक छ ।

विश्वमा आज अपत्यारिलो किसिमको युद्ध मानसिकताको विकास भइरहेको छ। सर्भाइभल अफ द फिटेस्ट र माइट इज राइटको राजनीतिक धर्म, दर्शन र शक्ति सिद्धान्तले दुनियालाई पिरोलिरहेको अवस्था छ। यस्तो अवस्थामा सानासाना मुलुकहरु लाई आफ्नो भूभाग जोगाउनु कठिन भइरहेको देखिन्छ। चीनले एक चीन नीति अन्तर्गत सदियौंदेखि स्वतन्त्र रहेको स्वायत्त क्षेत्र तिब्बतको स्वतन्त्रता हरण गरी चीनभित्र सन् १९५० मा नै गाभिसकेका छन्। लाखौंका सङ्ख्यामा तिब्बतेली बौद्ध भिक्षुहरू भारतको हिमाचल प्रदेशमा शरणार्थी जीवन बिताइरहेका छन्। भारत र पाकिस्तानबीच कश्मिरको सवालमा ठूलोठूलो युद्धहरू भइसकेको छ र कुनै समयमा स्वतन्त्र देशको रूपमा रहेको कश्मिर माथि अहिले भारत र पाकिस्तान दुबैको आधिपत्य कायम रहेको छ। सिक्किम पूर्णरूपमा भारतीय सङ्घीय राज्यको एउटा अविभाज्य अङ्ग बनिसकेको छ। मध्यपूर्वका कैयौं इस्लामिक मुलुकहरू युद्धको आगोमा झोसिएका छन्। इरान ,इराक ,लेबनान, फिलिस्टिन ,इजरायल, रुस, युक्रेन सबै देशहरू युद्धको आगोमा जलिरहेका छन्। यी देशहरुलाई आफ्नो आफ्नो अस्तित्व बचाउन सकस परिरहेको छ। विश्व परमाणु युद्धमा जाने सक्ने सम्भावना लगातार बढ्दै गइरहेको छ। अमेरिकाले केही महिनाअगाडि भेनेजुएलाका राष्ट्रपतिलाई पकडेर आफ्नो देशमा बन्दी बनाएर राखेका छन्। अमेरिकाली राष्ट्रपति ट्रम्पले भेनेजुएलालाई आफ्नो देशमा गाभि सकिएको भने भर्खर घोषणा पनि गरेका छन्। मध्यपूर्वका कयौं भूभागहरू इजरायल र अमेरिकाको कब्जामा जान सक्ने सम्भावना बढ्दैछ। आफ्नो निहित स्वार्थको लागि ठूलाठूला देशहरूले सानासाना देशहरू र कमजोर देशहरूको सार्वभौम सत्तालाई आफ्नो सैन्य बलले समाप्त पार्ने प्रयास गरिरहेका छन्। विश्वमा शान्ति स्थापना गर्नको लागि स्थापना भएको विश्वको सर्वोच्च राजनीतिक संस्था संयुक्त राष्ट्र सङ्घ आज तमासे बनेको छ। संयुक्त राष्ट्रसङ्घले विश्वमा बढ्दै गइरहेको मानव हिंसा र युद्ध अपराधको अवस्थालाई साम्य पार्न आवश्यक ध्यानसम्म पु ऱ्याउन सकेको छैन ।

विश्वमा राजनीतिक रूपमा नै स्थापित सरकारहरूलाई पनि तथापलट गराइदिने परम्परा विकसित हुँदैछ । कतिपय देशका सरकारहरूले लोकतन्त्रलाई हात्तीको देखाउने दाँतको रुपमा मात्र प्रयोग गरेका छन्। श्रीलंका, बांगलादेश पाकिस्तान, नेपाल लगायतका थुप्रै देश हरूमा हिंसात्मक तरिकाबाट सत्ता परिवर्तन भएर राजनीतिक परिवर्तनहरू हुँदै गरेको देखिएको छ, तर विचारणीय पक्ष के छ भने संविधानको रक्षा र देशको सार्वभौमिकताको रक्षाको नाउँमा दुनियामा हिंसा, द्वेष ,घृणा र नरसंहारको कुकृत्य रच्नु,र धार्मिक युद्धको नाउँमा मानवताको ध्वंस गर्नु कस्तो लोकतान्त्रिक विधि हो भन्ने कुरामा होस पुर्याउनु जरुरी छ। नेपालमा ऊर्जाको समस्या विकराल रूप धारण गर्दैछ। देशका जनताले मट्टी तेल, पेट्रोल, डिजल, खाना पकाउने ग्यास, विमान चलाउन आवश्यक पर्ने पेट्रोल इन्धनलगायतका आवश्यक संसाधनहरू माथि सरकारको पहुँच लगातार कमजोर हुँदै गइरहेको छ । यस्तो अवस्थामा नेपालमा स्थापित नयाँ सरकारले छिमेकका मुलुकहरूसँग र खासगरी भारत सरकारसँग आपसी समझदारीमा नया परिस्थितिमा अन्तर्राष्ट्रिय स्तरमा देखिएका राजनीतिक परिवर्तनका घटनाक्रमहरू र समस्याहरू लाई समेत विचार गरी नयाँ सम्बन्ध र सहकार्यका लागि भारतसँग अझ दरिलो र भरपर्दो सम्बन्ध स्थापित हुने नयाँ अध्यायको सुरुवात गर्नु जरुरी छ ।

# पिपलको छहारीमुनि उज्यालो भविष्य

**इटहरी**/सुनसरीको इटहरीस्थित टेङ्गा खोलाको किनारमा रहेको पिपलको छहारीमुनि सञ्चालन हुँदै आएको 'श्री पिपलबोटे खुला विद्यालय' विगत तीन दशकभन्दा बढी समयदेखि निरन्तर सिकाइको अनुपम उदाहरण बनेको छ। पिपलको रुखमुनि बिछ्याइएका प्लास्टिकका म्याट र बोरा नै यहाँका कक्षाकोठा हुन्, जहाँ हरेक बिहान ७ बजेदेखि नर्सरीदेखि कक्षा ७ सम्मका करिब ३०-३५ जना बालबालिका किताब, कापी र कलम बोकेर ट्युसन पढ्न आउँछन्। चन्द्र भण्डारी, जसलाई सबैले 'चन्द्र सर' भनेर चिन्ने गर्छन्, ती बालबालिकालाई निःशुल्क रूपमा पढाइमा सहयोग गर्दै आएका छन् । उनी विद्यालयमा नबुझेका पाठ बुझाइदिने, गृहकार्य गराउने र सिकाइप्रति रुचि जगाउने काममा समर्पित छन् ।

यो खुला विद्यालय कुनै औपचारिक रूपमा दर्ता गरिएको संस्था होइन, बरु चन्द्र भण्डारीको व्यक्तिगत पहल, अदम्य इच्छाशक्ति र सेवाभावको परिणाम हो । उनले विपन्न, गरिब तथा सीमान्तकृत समुदायका बालबालिकालाई लक्षित गरेर सुरु गरेको यो अभियान आज धेरैका लागि आशाको केन्द्र बनेको छ। भण्डारीको जीवन आफैंमा संघर्षले भरिएको छ। धनकुटाको सामान्य परिवारमा जन्मिएका उनले बाल्यकालमै अभावका कारण आफ्नो पढाइ पूरा गर्न सकेनन्। जीविकोपार्जनका लागि २०४४ सालमा इटहरी झरेका उनले सुरुमा ग्यारेजमा काम गरे, त्यसपछि कपडा व्यापारमा हात हाले तर असफल भए। अन्ततः बाँसको व्यापारबाट जीविका चलाउँदै गर्दा उनले आफ्नो जीवनको वास्तविक उद्देश्य भेट्टाए ।

बाँसको चाङ वरिपरि खेलिरहेका विद्यालय जाने उमेरका बालबालिकालाई देख्दा उनलाई आफ्नै अधुरो पढाइको पीडा सम्झना भयो । ती बालबालिकाका अभिभावकमा शिक्षाप्रति चेतना नदेख्दा उनले केही गर्नुपर्छ भन्ने भावना जाग्यो। त्यसपछि उनले सुरुमा करिब १० जना बालबालिकालाई भेला गरेर बिहान-बेलुका निःशुल्क ट्युसन पढाउन थाले । उनको विश्वास थियो–बालबालिकाले अक्षर चिनेपछि उनीहरूको लागि विद्यालय जाने बाटो स्वतः खुल्छ। यही सानो प्रयास समयसँगै ठूलो अभियानमा परिणत भयो ।

सुरुका दिनहरूमा उनले सानो टहरोमा बालबालिकालाई राखेर पढाउने गरेका थिए। बिहान र बेलुका गरेर ४०-५० जना विद्यार्थी पढ्न आउँथे। तर २०६० सालमा टहरो भत्किएपछि पनि उनले हार मानेनन् । त्यसपछि खुला आकाशमुनि नै पढाउन थाले। बालबालिकाहरूले घरबाट बोरा ल्याएर भुइँमा बिछ्याएर पढ्न थाले । सुविधा अभावका बाबजुद पनि उनीहरूमा पढ्ने उत्साह भने कहिल्यै घटेन ।

बर्खामा आउने बाढी, हिउँदको चिसो, गर्मीको तातो घाम–यी सबै चुनौतीबीच पनि चन्द्र सरको कक्षा कहिल्यै बन्द भएन। कोभिड-१९ महामारीका बेला देशभर लकडाउन हुँदा समेत उनले घरबाटै अनलाइन कक्षा सञ्चालन गरेर बालबालिकाको पढाइलाई निरन्तरता दिए। यद्यपि महामारीपछि विद्यार्थी संख्या केही घटेको छ, तर अझै पनि दैनिक ३०-३५ जना बालबालिका नियमित रूपमा पढ्न आउँछन् ।


यस खुला विद्यालयमा आउने अधिकांश बालबालिका श्रमिक परिवारका हुन्–कोही मकै पोलेर बेच्ने, कोही बदाम बेच्ने, कोही जुत्ता पालिस गर्ने वा रिक्सा चलाउने परिवारका सन्तान। यस्ता बालबालिकाका लागि यो स्थान विद्यालयको पढाइ बाहेक अतिरिक्त सिकाइको अवसर बनेको छ। चन्द्र सरले पढाउने मात्र होइन, उनीहरूलाई कापी, कलम, पुस्तकजस्ता शैक्षिक सामग्री पनि सहयोगस्वरूप दिने गर्छन्। कहिलेकाहीँ अन्य सहयोगी हातहरू पनि सामग्री र लत्ताकपडा लिएर आउने गर्छन्, जसले बालबालिकालाई थप हौसला मिल्छ ।

चन्द्र भण्डारीको निःस्वार्थ सेवाभावको कदरस्वरूप उनले हजारौं संघसंस्थाबाट सम्मान प्राप्त गरेका छन्। 'युएसए-नेपाल ह्युमानिटेरियन सर्भिस अवार्ड २०१७' लगायत विभिन्न पुरस्कार र सम्मानले उनलाई थप जिम्मेवारीबोध गराएको छ। तर उनका लागि यी सम्मानभन्दा पनि बालबालिकाको उज्यालो भविष्य र उनीहरूको अनुहारमा देखिने खुसी नै ठूलो उपलब्धि हो। उनी भन्छन्, "कर्म गर्नु मेरो कर्तव्य हो, फलको आशा गरेको छैन ।"

उनको व्यक्तिगत जीवन पनि प्रेरणादायी छ। आफूले उच्च शिक्षा हासिल गर्न नपाए पनि उनले श्रीमती सावित्रीलाई पढ्न प्रेरित गरे, जसले पछि स्नातकोत्तरसम्म अध्ययन पूरा गरिन् र अहिले निजी विद्यालयमा अध्यापन गरिरहेकी छिन्। उनका छोराहरू पनि उच्च शिक्षामा अध्ययनरत छन्। यसले देखाउँछ कि उनले आफ्नो परिवारमा पनि शिक्षाको महत्त्व स्थापित गरेका छन् ।

आज चन्द्र भण्डारी केवल एक शिक्षक मात्र होइनन्, उनी सामाजिक चेतनाका संवाहक बनेका छन्। उनका धेरै विद्यार्थी उच्च शिक्षा र रोजगारीका लागि विदेश गएका छन् भने केही नेपालमै विभिन्न क्षेत्रमा स्थापित भएका छन्। तीन दशकभन्दा बढी समयदेखि निरन्तर सेवा गर्दै आएका भण्डारीका लागि यो कार्य पेसा होइन, जीवनको उद्देश्य र आत्मसन्तुष्टिको स्रोत हो। पिपलको छहारीमुनि हरेक दिन बालबालिकालाई पढाउँदै गर्दा उनले समाजमा ज्ञानको उज्यालो फैलाइरहेका छन्, जसले भविष्यका पुस्तालाई नयाँ दिशा देखाइरहेको छ । रासस

# गुराँसले लोभ्याउँदै पर्यटक



**तेह्रथुम/** ताप्लेजुङ, तेह्रथम र सङ्खुवासभा जिल्लाको सिमानास्थित तीनजुरे मिल्के जलजले (टिएमजे) क्षेत्रमा गुरास फुल्न थालेसँगै पर्यटकहरूको भिड लाग्न थालेको छ । नजिकिएको नयाँ वर्ष र ढकमक्क फुलेको गुराँसले यहाँको वन क्षेत्रमा दैनिक सयौं पर्यटक आउने गरेका छन् ।

गुराँसको राजधानीका रूपमा परिचित पूर्वी नेपालकै एक प्रमुख पर्यटकीय गन्तव्य टिएमजे क्षेत्रमा गुराँस फुल्न थालेको छ । गुराँस फुल्न थालेसँगै अहिले टिएमजे क्षेत्रको वन गुराँसले ढकमक्क हुन थालेको सामुदायिक वन उपभोक्ता महासङ्घ नेपाल ताप्लेजुङका अध्यक्ष सुरज ओझाले बताए । अध्यक्ष ओझाका अनुसार टिएमजे क्षेत्रको सबैतिर गुराँस फूल्न थालेको छ । गुराँस फुलेर अहिले नै वन ढकमक्क हुन थालेको उनले जनाए । उनका अनुसार अबको करिव दुई सातापछि अर्थात आउँदो बैशाख पहिलो साता सम्ममा टिएमजेको सबै क्षेत्रमा गुराँस फुलिसक्ने गरेको छ । नेपालमा पाइने ३२ मध्ये टिएमजे क्षेत्रमा २८ प्रजातिका गुराँस पाइने बताइएको छ । राष्ट्रिय फूल लाली गुराँससहित सेतो, पहेँलो, गुलावीलगायत विभिन्न रङ्ग भएका गुराँस यस क्षेत्रमा पाइने गरिएको छ । यता फुल्न थालेसँगै टिएमजे क्षेत्रको भ्रमण गर्ने पर्यटकको उपस्थिति बाक्लिँदै गएको स्थानीयले बताएका छन् । स्थानीयका अनुसार विभिन्न रङ्ग भएको ढकमक्क फुल्ने गुराँसको आकर्षणले पर्यटकहरूलाई लोभ्याउने गरेको छ । गुराँस फुलेपछिको आकर्षक र मनोरम दृश्यमा आकर्षित हुँदै टिएमजे क्षेत्रमा पर्यटकहरू पुग्ने गरेका छन् । पर्यटन व्यवसायीका अनुसार टिएमजे क्षेत्रको भ्रमण गर्नेमा अधिकांस आन्तरिक पर्यटक रहेका छन् भारतबाट पनि धेरै पर्यटक टिएमजे क्षेत्रको भ्रमणमा आउने गर्दछन् ।

टिएमजे क्षेत्रमा अहिलेदेखि फुल्न थालेको गुराँस बैशाखभर अडिने गरेको स्थानीय बताउँछन् । यता गुराँस फुलेर नझरून्जेलसम्म टिएमजे क्षेत्रमा पर्यटकले भ्रमण गर्ने गरेका बताइएको छ । गुराँसको सौन्दर्यसँगै सोही क्षेत्रभित्र रहेको पर्यटकीय गन्तव्यहरू गुफा पोखरी, बसन्तपुरस्थित लिम्बू समुदायको पहिचान र संस्कृति झल्किने चोलुङ पार्क लगायतमा पर्यटकको भिड लाग्ने स्थानीयको भनाइ छ ।

# १५ हजारले गरे पाथिभरा दर्शन

**दमक/** चैते दसैँको अवधिमा करिव पन्ध्र हजार भक्तजनले ताप्लेजुङस्थित प्रसिद्ध तीर्थस्थल पाथीभराको दर्शन गरेका छन् । चैते दसैँको समय अर्थात पछिल्लो १० दिनमा उक्त संख्यामा भक्तजनले पाथीभराको दर्शन गरेका हुन् ।

पाथीभरा क्षेत्र विकास समितिका अनुसार चैते दसैं तथा रामनवमीको समय गत चैत १२ गतेदेखि शनिबार सम्ममा १४ हजार ७९६ भक्तजनले पाथीभराको दर्शन गरेका छन् । दसैं तिहारको अवधिपछि पाथीभरा दर्शन गर्ने अर्को मुख्य सिजन (मौसम)का रूपमा रामनवमी अर्थात चैते दसैँको समयलाई लिइने गरिएको छ । समितिका कार्यकारी निर्देशक प्रजिन हाङ्बाङका अनुसार चैते दसैँको समयसँगै पाथीभरा दर्शन गर्ने मौसम सुरू भएकाले भक्तजनको उपस्थिति बाक्लिएको छ ।

पछिल्लो १० दिनको अवधिमा सबैभन्दा बढी शनिबार एकै दिन चार हजार २०८ जना भक्तजन पाथीभरा दर्शन गर्न आएका कार्यकारी निर्देशक हाङ्बाङले जानकारी दिए । उनका अनुसार अघिल्लो शनिबार पनि दुई हजार ७३३ जना भक्तजनले पाथीभराको दर्शन गरेका थिए । त्यसको अघिल्लो दिन अर्थात चैत १३ गते शुक्रबार रामनवमीका दिन पनि दुई हजार ७५ जना भक्तजनले पाथीभरा दर्शन गरेका उनले जानकारी गराए । पाथीभरा दर्शन गर्न देशका विभिन्न जिल्लाबाट भक्तजनहरू आइरहेका छन् ।

त्यस्तै नेपालबाहिर भारतको सिक्किम, दार्जिलिङ, पश्चिम बङ्गाल लगायतका ठाउँबाट भक्तजन पाथीभरा दर्शनका लागि आउने गरेका समितिले जनाएको छ । अहिले मौसम पनि सहज रहेकाले पाथीभरा दर्शन गर्ने भक्तजनको आउजाउ उल्लेख्य रहेको समितिका कर्मचारी राजेन्द्र महतले जानकारी दिए । उनका अनुसार हिजोआज पाथीभरा धाममा भक्तजनको निकै भीड लाग्ने गरेको छ ।

# कृषिका लागि डेढ करोड

**ताप्लेजुङ/** ताप्लेजुङको मिक्वाखोला गाउँपालिकाले विभिन्न कृषि उपजको आधुनिकीकरणका लागि डेढ करोड रूपैयाँ खर्चने भएको छ । अलैँची, कफी र सुन्तला लगायतका विभिन्न कृषिजन्य योजनामा यो रकम खर्च हुनेछ ।

गाउँपालिकाले चालु आर्थिक वर्षभित्रै सम्बन्धित किसानको ५० प्रतिशत लागत साझेदारीमा डेढ करोड रूपियाँभन्दा बढीको कृषि योजना अघि बढाउन लागेको हो । गाउँपालिकाका अनुसार किसानको साझेदारी रकमसहित कृषिजन्य योजनामा कुल एक करोड ५८ लाख ३५ हजार रूपियाँ खर्च गरिने छ ।

उक्त बजेटमध्ये अलैँची खेती प्रवर्द्धन तथा क्षेत्र विस्तार कार्यक्रममा मात्रै सबैभन्दा बढी एक करोड रूपियाँ कार्यान्वयन हुने छ । जसमा गाउँपालिकाको ५० लाख र किसानको ५० लाख रूपियाँ लागत साझेदारी रहने छ । त्यस्तै कफी क्षेत्र विस्तार तथा प्रवर्द्धन कार्यक्रमका लागि ३० लाख रूपियाँ विनियोजन गरिएको छ । यसैगरी राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रममा १७ लाख ४० हजार रूपियाँ र मागमा आधारित कृषि उपकरण अनुदान कार्यक्रममा १० लाख ९५ हजार रूपियाँ खर्च हुने गाउँपालिकाले जनाएको छ । यी सबै कार्यक्रममा गाउँपालिका र किसानको ५०-५० प्रतिशत लागत साझेदारी रहने छ ।

कृषिजन्य योजनाहरु पालिकाका विभिन्न वडामा रहेका सहकारी तथा कृषक समूहमार्फत कार्यान्वयन हुने गाउँपालिका उपाध्यक्ष डण्डु लामा शेर्पाले जानकारी दिए ।

उपाध्यक्ष शेर्पाका अनुसार अलैँची, कफी र सुन्तला विशेष कार्यक्रम सहकारी र कृषक समूहमार्फत तथा कृषि उपकरण कार्यक्रम सम्बन्धित किसानमार्फत कार्यान्वयन गरिने छ । गाउँपालिका कृषि शाखाका प्रमुख जयकिशोर सिंहका अनुसार अलैँची खेती प्रवर्द्धन तथा क्षेत्र विस्तार कार्यक्रम पालिकाका पाँचै वटा वडामा कार्यान्वयन हुने छ । कफी क्षेत्र विस्तार कार्यक्रम वडा नं १ र २ (खोक्लिङ) मा मात्र केन्द्रित हुनेछ ।

त्यस्तै राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रम वडा नं १ र २ खोक्लिङ तथा वडा नं ४ साँवामा कार्यान्वयन हुने कृषि शाखा प्रमुख सिंहले बताए । कार्यक्रमहरु तत्काल कार्यान्वयनमा लैजाने योजनाअनुरूप लागत साझेदारी रकमसहित सम्पर्क गर्न गाउँपालिकाले शुक्रबार सूचना जारी गरेको छ । गाउँपालिका अध्यक्ष भक्तबहादुर कार्कीले यी कार्यक्रमबाट पालिकावासी किसानलाई ठुलो राहत पुग्ने विश्वास व्यक्त गरेका छन् ।

# ग्यास वचत गर्ने उपायहरू

ग्यासको बढ्दो मूल्य र मागले हरेकलाई समस्या पारिरहेको छ । तर, केही बुद्धिमानीपूर्ण तरिकाले ग्यासलाई दोब्बर समयसम्म चल्ने गरि बचत गर्न सकिन्छ । ग्यास बचाउने केही वैज्ञानिक र प्रभावकारी तरिकाहरू छन्, जसबाट इन्धनको खपत लगभग ५० प्रतिशतसम्म घटाउन सकिन्छ । धेरैजसो मानिसहरू अनजानमा नै गलत बर्नर प्रयोग गरेर वा खुला भाँडामा खाना पकाएर ठूलो मात्रामा ग्यास खेर फाल्छन् । प्रेसर कुकरको सही प्रयोग, दालहरूलाई भिजाउने, बर्नर नियमित सफा गर्ने जस्ता साना-साना परिवर्तनले ग्यास मात्र पैसा बचाउँदैन, खाना पकाउने समय पनि धेरै घटाउँछ । यी १० उपाय लगाएर भान्सालाई स्मार्ट र किफायती बनाउन मद्दत गर्छन् ।

**१. प्रेसर कुकरको बढी प्रयोग गर्ने**

खाना पकाउन प्रेसर कुकर सबैभन्दा राम्रो विकल्प हो । दाल र कडा तरकारीहरू खुला भाँडामा पकाउँदा ग्यास धेरै खर्च हुन्छ । कुकरभित्रको दबाबले खानालाई छोटो समयमै पकाउँछ । सही तरिकाले कुकर प्रयोग गर्दा खाना ४० प्रतिशतदेखि ७० प्रतिशतसम्म छिटो पक्छ । यसले ग्यास मात्र बचाउँदैन, भान्सामा बिताउने समय पनि निकै घटाउँछ ।

२. अनाजलाई पहिले नै भिजाउने

पकाउनुअघि दाल, राजमा, चना र चामललाई पानीमा भिजाउनु ग्यास बचाउने सबैभन्दा सजिलो तरिका हो । भिजाएपछि दानाहरू नरम हुन्छन् र त्यसमा तापक्रम दिएपछि छिटो पाक्न सुरु हुन्छ । उदाहरणका लागि, राजमालाई रातभरि भिजाएमा यो धेरै कम समयमा पाक्छ । भिजाएका अनाज पकाउँदा ३० देखि ५० प्रतिशतसम्म इन्धन बचत हुन्छ । यसले ग्यास बचाउनुका साथै अनाजका पोषक तत्वहरू पनि शरीरले सजिलै ग्रहण गर्न सक्छ ।

**३. बर्नर र भाँडाको जोडी मिलाउने**

सानो भाँडाका लागि ठूलो बर्नर बाल्ने गल्ती धेरैले गर्छन्, जसले गर्दा आगो भाँडाको किनाराबाट बाहिर निस्केर खेर जान्छ । याद राख्नुपर्छ भाँडा सानो छ भने बर्नर पनि सानो नै प्रयोग गर्नुपर्छ । ग्यासको आगो सधैं भाँडाको तलको क्षेत्रभित्र मात्र रहनुपर्छ । ठूलो बर्नर भारी कुकर वा ठूलो भाँडाको लागि मात्र प्रयोग गर्नुपर्छ । यसको सही सन्तुलन मिलाउँदा ग्यास बचत हुन्छ ।

**४. छोपेर पकाउने**

खुला भाँडामा खाना पकाउनु ग्यासको सबैभन्दा ठूलो बर्बादी हो किनकि बाफसँगै ताप पनि बाहिर निस्कन्छ । सधैं कराही वा डेक्चीमा ढक्कन लगाएर नै खाना पकाउनुपर्छ । ढक्कनले भाँडाभित्र बाफको दबाब बनाउँछ र ताप भित्र नै रहन्छ, जसले गर्दा खाना छिटो पक्छ । यो सानो बदलावबाट २० देखि ३० प्रतिशतसम्म इन्धन बचाउन सकिन्छ । यसले खानालाई नरम बनाउँछ र स्वाद पनि राम्रो बनाउँछ ।

**५. तरकारीहरूलाई सानो-सानो टुक्रामा काट्ने**

तरकारी काट्ने तरिकाले पनि ग्यास बचतमा भूमिका खेल्छ । तरकारी जति सानो र एकनासको टुक्रामा काटिन्छ, उति नै छिटो पक्छ । साना टुक्राहरूको सतह क्षेत्र बढ्छ, जसले गर्दा ताप छिटो भित्रसम्म पुग्छ ।

६. मल्टीलेयर'तह भएको'कुकरमा एकसाथ धेरै कुरा पकाउने

यदि तह भएको प्रेसर कुकर छ भने, एकै पटक धेरै चिज पकाउने बानी बसाल्नुपर्छ । तल दाल र माथिका डिब्बामा चामल वा उमाल्ने तरकारी राख्न सकिन्छ । एकै पटक ग्यास बाल्दा तीन किसिमको खाना तयार हुन्छ । यसबाट ग्यासको धेरै बचत हुन्छ र भाँडा बारम्बार धुने झन्झट पनि घट्छ ।

**७. बर्नर नियमित सफा गर्ने**

ग्यास बर्नरका प्वालहरूमा फोहोर वा तेल जम्मा हुँदा आगो राम्रोसँग आउँदैन । यदि ग्यासको आगो पहेँलो वा सुन्तला रङको देखिन्छ भने बुझ्नुपर्छ ग्यास पूरै बलिरहेको छैन र खेर गइरहेको छ । सधैं निलो आगोले नै सबैभन्दा राम्रो ताप दिन्छ । हरेक १५ दिनमा बर्नरलाई ब्रस वा सियोले सफा गर्नुपर्छ ।

**८. बाँकी रहेको तापको प्रयोग गर्ने**

खाना पूरै पाक्नु भन्दा ५-१० मिनेट अगाडि नै ग्यास बन्द गर्ने । मोटो तह भएको भाँडामा यति धेरै ताप जम्मा भएको हुन्छ कि ग्यास बन्द गरेपछि पनि खाना पकिरहन्छ । जस्तै: चामल वा पास्ता उमाल्दा ८० प्रतिशत पकिएपछि ग्यास बन्द गरेर ढक्कन लगाएर छोडिदिन सकिन्छ । बाफ र भाँडाको बाफले बाँकी काम गर्छ । यो बानीले महिनामा निकै ग्यास बचाउँछ ।

**९. बाक्लो र चेप्टो तह भएको भाँडा प्रयोग गर्ने**

भाँडाको छनोटले पनि ग्यास खपतमा असर गर्छ । सधैं बाक्लो तह भएको भाँडा प्रयोग गर्नुपर्छ । यस खालको भाँडामा तापलाई समान रूपमा फैलाउँछन् र लामो समयसम्म तातो रहन्छन् । चेप्टो तह भएकाका भाँडाहरूले बर्नरको आगोलाई राम्रोसँग सोस्छन् । स्टेनलेस स्टील वा कास्ट आइरनका भाँडाहरू ग्यास बचतका लागि सबैभन्दा राम्रो मानिन्छन् ।

**१०. इलेक्ट्रिक ग्याजेट र ब्याच कुकिङ अपनाउने**

पानी उमाल्न ग्यासको सट्टा इलेक्ट्रिक कित्ली प्रयोग गर्नुपर्छ । यो बढी किफायती हुन्छ । साथै ब्याच कुकिङ गर्नुपर्छ । ब्याच कुकिङ भन्नाले एकै पटक दुई-तीन पटकका लागि दाल, चामल वा गेडागुडी पकाएर फ्रिजमा राख्ने । खाना खाने बेला मात्र थोरै तताएर खाने । एकै पटक ठूलो मात्रामा पकाउँदा बारम्बार ग्यास बाल्नुभन्दा धेरै इन्धन बचत हुन्छ ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

## पुस्तक-साभार

## सुवर्ण शमशेर

निष्ठाको राजनीतिक यात्रा - अध्याय ४

# क्रान्तिको पूर्वाभ्यास

**कृष्ण धारावासी**

क्रमागत : छोटो समयको प्रयत्न पछि दुई पार्टी एक आपसमा विलय भएर नयाँ नाममा उदाए पछि नेपाली राजनीतिक वृत्तमा एउटा नयाँ तरङ्ग फैलियो । छोटो भन्नाले २००३ र २००५ सालमा छुट्टाछुट्टै गठन भएका पार्टीहरू एक वर्ष भित्रैमा फन्को मारेर एकठाउँमा जोडिन आइपुगेका थिए । तर यही तीन वर्षको छोटो समयमा पनि पटकपटकको एकता प्रयत्नका गतिविधिहरू भने लामा हुन पुगेका थिए । दरबारभित्रको षड्यन्त्र र अन्तर्रसंघर्षका बीच झन्झन् कठोर हुँदै गएको राणाशासन र त्यसका विरूद्ध भारतमा निर्वासित नेपाली राजनीतिज्ञहरूका बीच नयाँ पार्टीले चर्चा प्राप्त गरिरहेको थियो । पार्टीको यो एकता धेरै दिन टिक्न सक्दैन भन्ने विश्लेषकहरू पनि थिए भने यसलाई टिकाएर परसम्म पुयाउनु पर्छ भन्ने शुभ चिन्तकहरू पनि थिए ।

एउटा कुरा के स्पष्ट थियो भने नेपाली काङ्ग्रेस पार्टीको गठन राजनीतिक सहजताका बेला रहरले राजनीति गर्न खोलिएको साधारण मञ्च थिएन । सयौं वर्षको इतिहासबाट निचोरिएर निस्किएको एउटा निर्णायक अभिव्यक्तिको बिम्ब थियो । सुवर्ण शमशेर र बी.पी. कोइराला दुबै त्यस्ता व्यक्तिहरू थिए जसले देशको राज्यसत्ताका कारण निर्वासित हुनु परेको थियो । अकारण दण्डित हुनु परेका यी व्यक्तिहरू सरकारको सत्तासंचालनको उदाहरण थिए । क्रान्तिचेतले दीक्षित गणेशमानसिंह जस्ता युवकको भावना पनि यसैमा समाहित थियो । जो थिए पार्टीलाई 'चौतारी बनाई समाचारका वाक्यहरूमा मात्र खेल्न चाहनेहरू, आफै बाहिरिएका थिए र यी जो बाँकी थिए- आफूलाई सहादत दिन तयार हुनेहरू थिए । त्यसैले चिया पसलमा बसी गरिने विश्लेषणहरूको पहुँचभन्दा धेरै माथिको उचाइबाट द्रुत गतिमा अघि बढ्न थालिसकेको थियो यो पार्टी ।

हिजोसम्म राष्ट्रिय कांग्रेस र प्रजातन्त्र कांग्रेसका नाममा विभाजित पार्टीहरू र त्यसमा आबद्ध केही व्यक्तिहरूलाई मात्र हेरेर काठमाडौंमा राजनीतिक मनोरञ्जन गर्नेहरू र राजनीतिका नयाँ ज्योतिषीहरू जसरी औला भाँचिरहेका थिए, तिनीहरू यो एकताको समाचारबाट भने अलमल्ल भएका थिए । यद्यपि पार्टी एकतालाई भाँड्न वा त्यसभित्र विवादहरू जन्माउन काठमाडौंदेखि गुप्तचरहरू नखटेका भने थिएनन् । तर भावनात्मक दृढता र मुक्तिको संकल्पका अघि त्यस्ता षडयन्त्रहरू स्वत: निस्क्रिय भएका थिए । स्पष्ट के छ भने बी.पी. र सुवर्ण दुबैको अभीष्ट भन्नु नेपालको जहानियाँ शासनको अन्त्य र प्रजातन्त्रको स्थापना मात्र थियो । त्यो काम जोसुकैले जुनसुकै नाम, झण्डा र नेतृत्वबाट गरे पनि हुन्छ भन्ने थियो । मै हुनु पर्छ र मबाट मात्र यो काम सम्पन्न होस् र जस पाऊँ भन्ने पटक्क लोभ नभएका व्यक्तिहरूबाट शुरू भएको अभियानको परिणति थियो यो । पार्टी गठन हुने बेलामा बी.पी.लाई सभापति बनाउने मानसिक तयारी भइसके पछि एकाएक सो पदका लागि मातृकाप्रसाद कोइरालाको नाम प्रस्तावित हुँदा गणेशमानलाई बी.पी.ले सम्झाएको निम्न अभिव्यक्तिले पनि त्यो आस्थालाई प्रमाणित गर्छ । त्यसबेला बी.पी.ले गणेशमानजीलाई सम्झाउनु भएको थियो-

गणेशमानजी । हाम्रो लक्ष्य नेपालमा क्रान्ति हो, सभापति पद होइन । पाटीको निर्माण ठूलो र अहम् विषय हो । हामीले पदको निम्ति लक्ष्यलाई बिर्सनुहुँदैन ।

वसप्रकार आफ्नो तीनवटा उद्देश्य पूरा गरेर सम्मेलन सम्पन्न भयो । सम्मेलनको प्रयास र स्वदेश दुवैतर्फका परिवर्तनकामी जनतामा ठूलो उत्सुकता र उत्साह पैदा गराएको थियो । क्रमश:

## मनोरञ्जन

# 'परान' बन्यो २०८२ मा धेरै व्यापार गर्ने चलचित्र



नीर शाहको मुख्य भूमिका रहेको चलचित्र 'परान' २०८२ सालमा घरेलु बक्सअफिसमा सबैभन्दा धेरै कमाउने नेपाली फिल्म बनेको छ । चलचित्र विकास बोर्डले सोमबार सार्वजनिक गरेको वर्षभरि रिलिज भएका नेपाली फिल्मको सूची 'परान' सबैभन्दा अगाडि देखिएको हो ।

'परान'ले १७ करोड ७६ लाख ८४ हजार ४१० रूपैयाँ ग्रस कमाइ गर्दै अग्र स्थान कायम गरेको हो । फिल्मको टिकट ६ लाख ३० हजार ६९१ वटा बिक्री भएका छन् ।

यस्तै दोस्रो धेरै कमाउने फिल्ममा 'बाट आमा' रहेको छ । फिल्मले १३ करोड १३ लाख ७८ हजार ५२० नेरू ग्रस कलेक्सन गर्न सफल भएको छ । फिल्मको टिकट ५ लाख ४ हजार ३१९ वटा बिक्री भएका छन् । फिल्ममा पल शाहको मुख्य भूमिका छ ।

त्यस्तै सूचीको तेस्रो स्थानमा अनमोल केसी स्टारर 'जेरी अन टप' छ । फिल्मले १२ करोड २८ लाख ८४ हजार नेरू ग्रस कलेक्सन गर्न सफल भएको छ । फिल्मको टिकट ३ लाख ९६ हजार ५९७ वटा बिक्री भएका छन् ।

## दैनिक राशिफल

आज मिति
२०८२ साल
चैत्र २४ गते
मंगलबार
7 April 2026
तिथि: पञ्चमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | भाग्यको उदय । धन लाभ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | यात्रामा दु:ख । खर्चमा वृद्धि । |
| मिथुन | का कि कु घ ङ छ के को हा | कार्यसिद्धि । पढाइमा रुचि । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | रोजगारीको अवसर । बोलीले काम बन्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आफन्तको सहयोग । धन लाभ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | अनावश्यक खर्च । शत्रुको भय । |
| तुला | हि हु हे हो डा डि डु डे डो | आकस्मिक धनलाभ । आफन्तबाट सहयोग । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | उपहार प्राप्ति । रोजगारीको अवसर । |
| धनु | य यो भा भी भ धा फा ढ भे | कार्य सिद्धि । मान्यजनको सहयोग । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मनमा खिन्नता । स्वास्थ्यमा समस्या । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक प्रगति । मित्रबाट सहयोग । |

# वाणिज्य महासंघ कोशीमा राउतको प्यानल निर्वाचित



**बिराटनगर/** नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको निर्वाचनबाट आगामी तीन वर्षका लागि राजेन्द्र राउतको प्यानल निर्वाचित भएको छ। विराटनगरमा सम्पन्न महासंघको आठौं प्रदेश सभाबाट अध्यक्षमा राजेन्द्र राउत निर्वाचित भएका हुन् ।

राउतले आफ्ना निकटतम प्रतिस्पर्धी नविन रिजालको समूहलाई पछि पार्दै प्यानलसहित विजय हासिल गरेका हुन् । निर्वाचनको अन्तिम परिणाम अनुसार अध्यक्ष पदका लागि भएको प्रतिस्पर्धामा राउतले १४२ मत प्राप्त गर्दा उनका प्रतिद्वन्द्वी नविन रिजालले ५८ मत पाए ।

राउतले सबै क्षेत्रगत समूहमा रिजाललाई जितेका छन् । राउतले एशोसिएट तर्फ १०७ मत ल्याउँदा रिजालले ३९ मत मात्र प्राप्त गरे भने जिल्ला नगर तर्फ राउतले २४ र रिजालले १३ मत पाए । त्यसैगरी वस्तुगत तर्फ राउतले ११ र रिजालले ६ मत मात्र प्राप्त गरे । तीन वर्षअघि झापामा भएको निर्वाचनमा निर्विरोध निर्वाचित भएका राउत महासंघमा दोस्रो कार्यकालका लागि निर्वाचित भएका हुन् ।

निर्वाचनमा जिल्ला नगरतर्फको उपाध्यक्षमा झापाका ऋषीराज तिम्सिना, वस्तुगततर्फ विराटनगरका राजन श्रेष्ठ र एसोसिएट उपाध्यक्षमा विराटनगरकै रविन दाहाल निर्विरोध निर्वाचित भए । त्यसैगरी कोषाध्यक्षमा विराटनगरका श्रवणकुमार अग्रवाल निर्विरोध हुँदा एसोसिएट सदस्यमा देवकीनन्दन अग्रवाल र भविषकुमार श्रेष्ठ पनि विना प्रतिष्पर्धा चुनिएका थिए । सदस्य पदका लागि भने निर्वाचन भएको थियो ।

खुल्ला सदस्यतर्फ जिल्ला नगरबाट कृष्णप्रसाद रिजाल, राजु ढुंगाना 'राजीव', जयप्रकाश शर्मा, हर्कबहादुर श्रेष्ठ र नविनकुमार चौधरी निर्वाचित भए । त्यस्तै, वस्तुगत तर्फको सदस्यमा सुवाष आचार्य र दिपक पाण्डे विजयी भए । महासंघ कोशी प्रदेशको नयाँ नेतृत्व चयनका लागि २०५ मतदाता सहभागी भएका थिए । जसमा जिल्ला नगर उद्योग वाणिज्य संघहरुबाट ३८, वस्तुगत संघसंस्थाबाट १९ र एसोसिएट सदस्यहरुबाट १४८ जनाले मतदान गरेका थिए ।

# खानेपानी आयोजना अलपत्र

**फिदिम/** पाँचथरको हिलिहाङमा शुरु तमोर बृहत् लिफ्टिङ खानेपानी आयोजना अलपत्र बनेको छ । गाउँपालिकाका बासिन्दालाई स्वच्छ पिउने पानी उपलब्ध गराउने उद्देश्यले सञ्चालन गरिएको योजना काम पूरा गरेर उपभोक्ता समितिलाई हस्तान्तरण गरेको ५ महिना बिते पनि समितिले गर्नुपर्ने काम अगाडि नबढ्दा योजना अलपत्र परेको हो ।

चार वडाका १ हजार ५ सय ६२ घरधुरीलाई स्वच्छ पानी उपलब्ध गराउने लक्ष्यसहित २०७८ वैशाख ११ गते सम्झौता गरेर योजना सुरू गरिएको थियो । योजनाको कुल लागत १५ करोड ५१ लाख रुपैयाँ रहेको छ । ठेक्का लिएका निर्माण व्यवसायीले तमोर नदीको मुहानबाट सबस्टेसन हुँदै ट्यांकीसम्म पानी ल्याउने संरचना निर्माण गरिसकेको छ । योजना सम्पन्न गरेर जीआरडी कन्स्ट्रक्सनले २०८१ असार १ गते नै ट्यांकीमा पानी खसालेको थियो । कम्पनीले आफ्नो जिम्मेवारीको काम सम्पन्न गरेपछि आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण गरेको थियो । कम्पनीलाई दिइएको परीक्षण अवधिभर जडान भएका धारामा पानी आएको थियो । ठेकेदार कम्पनी फर्किएपछि बाँकी काम हुन नसकेको हिलिहाङ-२ का विनोद खरेलले बताए ।

गत मंसिर १ गते परीक्षण अवधि सकिएपछि कम्पनीका प्रतिनिधिले आयोजना समितिलाई जिम्मा लगाएर फर्किएका थिए । स्थानीय राजकुमार बस्नेतका अनुसार अहिले न त जडान भएका धारामा पानी आएको छ, न त बाँकी घरधुरीमा धारा जडानको काम अघि बढेको छ । खानेपानी तथा ढल निकास विभाग र निर्माण कम्पनीबीच भएको सम्झौताअनुसार आयोजनाको लागतमा ९० प्रतिशत सरकार र १० प्रतिशत उपभोक्ता समितिको साझेदारी रहने व्यवस्था छ । उपभोक्ताको भागमध्ये ९ प्रतिशत श्रमदान र १ प्रतिशत नगद योगदान गर्नुपर्ने सर्त थियो । तर लाभग्राही १ हजार ५ सय ६२ घरधुरीमध्ये कात्तिक मसान्तसम्म करिब ३ सय घरमा मात्रै धारा जडान भएको छ । बाँकी १ हजार २ सय भन्दाबढी घरमा जडानको काम सुरु नै भएको छैन ।

खेलकुद

# बैशाख १ गते 'कमल मिनी म्याराथन'




**दमक/** नयाँ वर्ष २०८३ को अवसर पारेर झापाको कमल गाउँपालिकामा कमल मिनी म्याराथन आयोजना हुने भएको छ । "हामी युवाको प्रतिबद्धता, लागू औषध दुर्व्यसनी मुक्त कमल गाउँपालिका" भन्ने मूल नारासहित मिनी म्याराथन सञ्चालन गर्न लागिएको हो । आयोजक कमल युथ फाउन्डेशनका अनुसार बैशाख १ गते १२ किलोमिटर दूरीको ओपन मिनी म्याराथन प्रतियोगिता सञ्चालन गरिनेछ ।

प्रतियोगितामा करिब ३ हजार खेलाडीको सहभागिता रहने अपेक्षा गरिएको अध्यक्ष जितेन साम्पाङले जनाए । उक्त कार्यक्रमको संयोजक आशिष लेछार्बो रहेका छन् ।

कार्यक्रम संयोजक लेछार्वीका अनुसार प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः २० हजार, १५ हजार र १० हजार रूपैयाँ नगद पुरस्कार प्रदान गरिनेछ । साथै, पहिलो १० जना विजेतालाई मेडल र सबै सहभागीलाई प्रमाणपत्र प्रदान गरिनेछ । म्याराथन कमल-४ स्थित रिजाल पेट्रोल पम्पबाट सुरू भई समयगढ, क्याम्पा बजार हुँदै केर्खामा पुगेर समापन हुनेछ । प्रतियोगितामा सहभागिता जनाउन इच्छुक खेलाडीहरूले कमल युथ फाउन्डेशनको फेसबुक पेजमार्फत अनलाइन फारम भर्न सक्नेछन्। प्रवेश शुल्क १०० रूपैयाँ तोकिएको छ भने परिचय खुल्ने कुनै पनि कागजातका आधारमा दर्ता गर्न सकिनेछ । विभिन्न पालिकाका खेलाडीहरूलाई पनि सहभागिताका लागि खुला गरिएको आयोजकले जनाएको छ ।

***सभामुख....*** प्रतिशोधको कुनै पनि स्थान हुनु नहुने बताए ।

**परम्परा हटाउन कांग्रेसको आग्रह**

नेपाली कांग्रेसका सांसद अर्जुननरसिंह केसीले प्रतिनिधि सभा बैठकमा आकस्मिक समयमा नाम टिपाउनुपर्ने परम्परा हटाउन माग गरेका छन् । प्रतिनिधि सभाको बैठकमा बोल्दै आकस्मिक विषय जुनसुकै बेलामा पनि राख्न पाउनुपर्ने उनको भनाइ छ । उनले परम्परा भए पनि सबैको साझा प्रयासले हटाउन सकिने बताए। स्थापित लोकतान्त्रिक मान्यता र संसदीय परम्परालाई स्थापित गर्दै पुराना गलत मानकहरूलाई परिवर्तन गर्दै सभामुखको नेतृत्वमा नयाँ नयाँ मानक स्थापित हुने विश्वास व्यक्त गरे ।

**रवि-सुधन कुराकानी**

प्रतिनिधि सभा बैठक जारी रहँदा राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा)सभापति रवि लामिछानेले गृहमन्त्री सुधन गुरूङलाई बोलाएर कुराकानी गरेका छन् । हलबाहिर करिडोरमा गृहमन्त्री गुरूङलाई बोलाएर सभापति लामिछानेले कुराकानी गरेका हुन् । उनीहरूबीच झन्डै १५ मिनेट कुराकानी भएको थियो । कुराकानी के विषयमा भएको थियो भन्ने चाहिँ खुलेको छैन ।

***फेवाताल...***समितिले फेवातालको चार किल्ला सिमानाभित्रको जग्गाको हालको अवस्था र निर्माण भएका संरचना लगायतको अध्ययन गर्ने छ भने फेवातालको क्षेत्रभित्र पर्ने सम्पूर्ण कित्ता जग्गाको यथार्थ विवरण संकलगरी अभिलेखीकरण कार्य पनि गर्नेछ । ताल क्षेत्रभित्र परेका निजी तथा सरकारी जग्गाको अवस्था, दर्ता स्थिति र प्रयोगको अवस्थाबारे विस्तृत अध्ययन गरिने मन्त्रालयले जनाएको छ ।

***यात्रुलाई......*** हैरानी दिने जस्ता गतिविधिमा उनीहरु संलग्न रहेका थिए । यस्ता गतिविधिले यात्रुहरूलाई असहज बनाएको गुनासो बढेपछि विशेष निगरानीसहित खटिएको प्रहरी टोलीले २४ जना पुरूषलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी खगेन्द्रवहादुर खड्काले जानकारी दिए । नियन्त्रणमा लिइएकाहरूमाथि आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

***यात्रुलाई......***समर्थनमा विशेष महाधिवेशन बोलाउने तयारी भइरहेको छ । पार्टीभित्र उपाध्यक्ष रामबहादुर थापालाई कार्यवाहक अध्यक्ष र संसदीय दलको नेता बनाइएपछि विवाद थप चर्किएको छ । ओलीमाथि लागेको आरोप र थुनाको अवस्थाले पनि नेतृत्व संकटलाई गहिरो बनाएको छ। महाधिवेशन भएको चार महिनामै यस्तो विवाद चुलिनु एमालेका लागि चुनौतीपूर्ण बनेको छ, जहाँ एक पक्ष परिवर्तनको पक्षमा छ भने अर्को पक्ष विधि र पद्धतिको पक्षमा उभिएको छ ।

***अनलाईन......*** भुक्तानीपछि आएको फोन कलले उनलाई झन् अलमल्यायो। 'रकम होल्ड भएको छ, फिर्ता गर्न अर्को क्युआर पठाउनुहोस्' भन्ने बहानामा उनलाई फेरि प्रक्रिया दोहोऱ्याउन लगाइयो। भोलिपल्ट बिहान लक्ष्मी सनराइज बैंकको क्युआर पठाएर 'निर्देशनअनुसार' एप चलाउँदा उनको खाताबाट एकै पटक २ लाख ८७ हजार ५५८ रूपैयाँ नविल बैंकमार्फत अर्को खातामा ट्रान्सफर भयो । ३ हजार रूपैयाँ फिर्ता हुन्छ भन्ने आशामा बसेका गौतमका लागि त्यो क्षण ठूलो झट्का बन्यो। घटना थाहा पाउनासाथ उनी इलाका प्रहरी कार्यालय बिर्तामोड पुगे र प्रहरी नायब उपरीक्षक विजय श्रेष्ठलाई जानकारी गराए ।

# सरकारको योजना प्रभावकारी बनाउन टोली

दमक । राष्ट्रिय सतर्कता केन्द्रले सरकारको शासकीय सुधार योजनाअनुसार सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाउन राजधानीबाहिर नौ जिल्लामा अनुगमन टोली खटाएको छ। सोमबारदेखि लागू भएको नयाँ कार्यालय समय (बिहान ९ देखि साँझ ५ बजे) को पालना भए-नभएको तथा सेवा प्रवाह चुस्त भए-नभएको विषयमा छड्के अनुगमन सुरू गरिएको प्रवक्ता नारायणप्रसाद भट्टले जानकारी दिनुभयो। टोलीहरूले कर्मचारीको उपस्थिती, कार्यसम्पादन, सेवाग्राहीका काम समयमा सम्पन्न भए-नभएको र फाइल अड्किएको अवस्थासमेत जाँचिरहेका छन्। साथै, प्राप्त गुनासा र उजुरीको तीव्र रूपमा सम्बोधन भइरहेको छ। अनुगमनका क्रममा ढिलासुस्ती वा अनियमितता देखिए तत्काल सुधारका लागि निर्देशन दिने तथा भ्रष्टाचार भेटिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाउने व्यवस्था गरिएको छ। सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण र सेवा प्रवाह सरल बनाउन केन्द्रले आफ्ना स्रोत र जनशक्ति सक्रिय रूपमा परिचालन गरेको जनाएको छ ।

***हात्तीको......***सोमबार बिहान ९ बजे वनभित्र उनको शव विभत्स अवस्थामा भेटिएको थियो। हात्तीको आक्रमणबाट विष्टलाई आक्रमण गरेर मारेको हुन सक्ने प्रहरीको अनुमान छ । घटनाका बारे प्रहरीले थप अनुसन्धान शुरू गरिएको प्रहरी निरीक्षक नविन राईले बताए ।

# साहित्यकार उपाध्यायका दुई वटा कृति लोकापर्ण

दमक । बरिष्ठ साहित्यकार मुक्ति प्रसाद उपाध्यायको दुई वटा कृति एकै साथ लोकापर्ण गरिएको छ । भारतको सिलगढी शास्त्रीनगरस्थित समाज सेवा भवनको अरूणा लामा हलमा एक कार्यक्रमका वीच शिलगढी निवासी बरिष्ठ साहित्यकार उपाध्यायका दुई वटा कृतिहरू 'देवभुमी हुदै प्रशान्तिनिलयम' यात्रा संस्मरण र 'लौ न त बरू 'कथा सङ्ग्रह लोकापर्ण गरिएको हो ।

बरिष्ठ साहित्यकार प्रा.डा.गोविन्दराज भट्टराईको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा साहित्यकार लक्षण शर्मा नेपालले देवभुमी हुदै प्रशान्तिनिलियम कृतिको समीक्षात्मक टिप्पणी गरेका थिए भने प्राध्यापक नविन पौडेलले लौन त बरू कृतिको समीक्षात्मक टिप्पणी गरेका थिए ।यी दुवै कृतिको लोकापर्ण नेपाल,भारत,सिक्किम,दार्जेलिङ र आसामका साहित्यकारले संयुक्त रूपमा गरेका थिए । कार्यक्रममा नेपालको झापा र मोरङ्का दुई दर्जन भन्दा बढी साहित्यकारहरूको उपस्थिति रहेको थियो ।

दमकका बरिष्ठ साहित्यकार प्रा.डा.गोविन्दराज भट्टराईको नेतृत्वमा दमकका साहित्यकारहरू यादवप्रसाद अधिकारी झाक्रिखोले,ओमप्रसाद खनाल,जीवनहरि शर्मा,कमलराज भट्टराई,खेमलाल पोखे्रल,बिवेक दुलाल क्षेत्री,डा.अन्जना शर्मा,डा.व्यन्जना शर्मा,नारायणप्रसाद शर्मा,खड्ग बहादुर खड्का,निर्मला भट्टराई,जयनारायण भट्टराई,बिरेन्द्र थोकलिङ, प्रभा राई, ईन्द्र प्रसाद घिमिरे,रेवती प्रसाद घिमीरे,हाङओझा थेगीम,जितेन्द्र न्यौपाने र झापाका अन्य साहित्यकारहरू प्रेमप्रसाद फलारी, गोपालप्रसाद सापकोटा,उषा गुरूङ,देवीचरण भण्डारी लगायतका साहित्यकारहरूको उल्लेख्य उपस्थिति रहेको थियो । कार्यक्रम साउती परिवार सिलगढीका अध्यक्ष लतिका जोशीको अध्यक्षतामा भएको थियो भने कार्यक्रमको सन्चालन साहित्यकार पार्वती देवानले गरेकी थिईन ।कार्यक्रममा बिभिन्न सामाजिक व्यक्तित्व र सामाजिक संघ संस्थाहरूलाई समेत सम्मान गरिएको थियो ।


**क्षयरोगबाट बचौं र बचाऔं**

- खोक्दा र हाछ्यूँ गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
- दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
- क्षयरोग लागेमा नि:शुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
- नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गरौं,
- क्षयरोग लागेको विरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,
- विरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं,
- क्षयरोग लागेको विरामीलाई पोषणयुक्त खाना र सरसफाइमा ध्यान दिऔं,

*"क्षयरोग निको हुन्छ" भन्ने सन्देश फैलाऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड


Agricultural Development Bank Ltd.

**कृषि विकास बैंक लिमिटेड**

(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

**प्रदेश कार्यालय विराटनगर, शाखा कार्यालय दमक, झापाको**

## भाखा नाघेको कर्जा बुझाउने २१ दिने सूचना

तपशिलमा उल्लेखित यस बैंकका कर्जा ग्राहकले विभिन्न मितिमा लिएको कर्जाको सावा, व्याज लगायतका बैंकलाई तिर्नु पर्ने रकम समयमा नबुझाएको, बैंकसँग कर्जा लिंदाका बखतमा तोकिएका शर्त बन्देजहरुको पालना नगरी बैंकसँगको सम्झौता उल्लंघन गरेको, बैंकले बारम्वार मौखिक तथा लिखित तर ताकेता गर्दा समेत बैंकको कर्जा नबुझाएको, बैंकले कर्जा बुझाउने बारेको कर्जा कार्यविधि २०७७ को अनुसूचीहरु बमोजिम स्मरण पत्र पत्राचार गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै पहल नगरेको/कर्जा नबुझाएको कारणले निम्न उल्लेखित ग्राहकलाई कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि २०७७ को दफा ६ बमोजिम ऋणी, फर्म र सो को प्रोपाईटरलाई २१ दिने सूचना प्रकाशन गरिएको छ ।

**तपशील:**

| क्रस | ग्राहकको नाम | ग्राहक नं. | ठेगाना | बाबु/ससुरा | ग्राहकको पिता/पति | उद्देश्य | साँवा | मिति २०८२।१२।२१ सम्मको बाँकी व्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जुरीनामा दिनेको नाम | कैं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पशुपति निरौला | ५४४८१६८ | कमल गा.पा. ०६, झापा | कृष्ण लाल | गंगा प्रसाद | सरल कृषि कर्जा | ९००००० | ५५४३४ | ९५५४३४ | | |
| २ | आइन्द्र लावती | १२९४३६४ | चुलाचुली गा.पा. ०१, इलाम | छबिलाल | ज्ञान बहादुर | सरल कृषि कर्जा | ९७५००० | ३२८३७ | १००७८३७ | | |
| ३ | दान बहादुर राई | १६६४६०० | कमल गा.पा. ०४, झापा | वीर बहादुर | ज्ञान बहादुर | सरल कृषि कर्जा | ९९६२८६ | १६७७३ | १०१३०५९ | | |
| ४ | दिवस चन्द्र राई | ५२६५१५ | दमक न.पा. ०८, झापा | रनध्वज | डिक पाल | घरायसी कर्जा | १९००००० | १२३०४३ | २०२३०४३ | कृष्ण देवी राई | |
| ५ | आइती माया लिम्बु | १७३५१०६ | दमक न.पा. ०७, झापा | बाबुः बुद्धि राज | पतिः प्रेम कुमार राई | घरायसी र सरल कपि कर्जा | ३०००००० | ४००७९३ | ३४००७९३ | | |
| ६ | सुजा राना मगर | १७९८६१५ | दमक न.पा. ०१, झापा | बाबुः रुद्र बहादुर | पतिः हिमाल सिंह थेगिम | घरायसी कर्जा | ५,००००० | २५७३४ | ५२५७३४ | | |
| ७ | टीकादेवी अधिकारी | १५१२९४१ | दमक न.पा. ०९, झापा | बाबु : कृष्ण कार्की | पतिः डम्बर बहादुर | सरल कृषि कर्जा | ९६४००० | २९७४५ | ९९३७४५ | | |
| ८ | रञ्जना श्रेष्ठ | १९१७७०८ | दमक न.पा. ०५, झापा | बाबुः लाल बहादुर | पतिः डिल्ली हाङ थेगिम | सरल कृषि कर्जा | ११००००० | ७१८९९ | ११७१८९९ | डिल्लीहाङ तुम्बापो | |
| | | | | | | | १०३३५२८६ | ७५६२५८ | ११०९१५४४ | | |

प्रधान सम्पादक/प्रकाशक: गङ्गबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२. प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल